जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१० पृष्ठः ४ | २०८२ चैत्र २३ सोमबार (Monday 06 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## शनिबार र आइतबार सार्वजनिक बिदा



काठमाडौँ, २२ चैत्र। सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ। मन्त्रिपरिषद्को आजको बैठकले उक्त निर्णय गरेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार यो निर्णयसरकारी कार्याल र सबै शैक्षिक संस्थामा सोमबारदेखि लागू हुनेछ। बैठकले 'डिजिटल नेपाल ट्रान्सफरमेसन' परियोजनाका लागि एसियाली विकास बैङ्क र विश्व बैङ्कबाट नौ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। दिगो र समावेशी वित्त परियोजनाका लागि विश्व बैङ्कबाट नौ करोड ५० लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय भएको शिक्षामन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले बताउनुभयो।

बैठकले सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्न स्वीकृति दिएको छ। यसैगरी, बैठकले राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिनुभएको राजीनामा स्वीकृत गरेको छ भने डिजेल तथा पेट्रोलबाट सञ्चालन हुने सवारीसाधनलाई विद्युतीय वाहनमा परिवर्तन गर्न व्यवस्था मिलाउने निर्णय पनि गरेको छ। आगामी शैक्षिक सत्र वैशाख १५ गतेदेखि सञ्चालन गर्ने निर्णय भएको छ।

## वस्तीमा चितुवाको त्रास

**विजयकुमार साह**

ढल्केबर, २२ चैत्र। धनुषाको मिथिला नगरपालिका-७, ढल्केबरस्थित जङ्गल नजिकका बस्तीमा चितुवा प्रवेश गरेर खसीबाखा खाइदिन थालेपछि स्थानीय त्रसित बनेका छन्। केमलीपुर, गैरीटोल र ऐक्लेबर वस्तीका वासिन्दा चितुवाबाट त्रसित बनेका हुन्। वडाध्यक्ष रामबहादुर स्याङ्दनले यस क्षेत्रमा विगत १२ दिनदेखि दिनहुँ चितुवा देखापर्ने गरेको बताउँदै हालसम्म पाँच वटा खसीबाखा खाइसकेको छ भने एउटा पाडोलाई गम्भीर घाइते बनाएको बताउनुभयो। त्यसैगरी दुई वटा घरपालुवा कुकुरसमेत चितुवाले सिकार बनाएको जानकारी दिनुभयो।

वडाध्यक्ष स्याङ्दनका अनुसार चितुवाले अहिलेसम्म मानवलाई कुनै क्षति नपुर्‍याए पनि घरपालुवा पशुचौपायामा लगातार आक्रमण गरिरहेकाले जोखिम बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "चितुवा बारम्बार बस्ती नजिक आउन थालेपछि स्थानीय निकै डराएका छन्। हामीले सम्बन्धित निकायलाई जानकारी गराएका छौं।" चितुवाको गतिविधि बढ्दै गएपछि डिभिजन वन कार्यालय धनुषालाई जानकारी गराइएको र आवश्यक कदम चाल्न आग्रह गरिएको उहाँले जानकारी दिनुभयो।

डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले चितुवा प्रभावित क्षेत्रमा गस्ती टोली परिचालन गरिएको जानकारी दिनुभयो। उहाँले चितुवाको गतिविधि निगरानीमा राखिएको उल्लेख गर्दै स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "चितुवा जङ्गलबाट आहारको खोजीमा बस्ती पस्ने सम्भावना हुन्छ। त्यसैले रातिको समयमा एक्लै हिँडडुल

-बाँकी दुई पेजमा

## सभामुखमा अर्याल निर्विरोध निर्वाचित

काठमाडौँ, २२ चैत्र। नेपालको दसौँ सभामुखमा प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याल निर्वाचित हुनुभएको छ। प्रतिनिधिसभाको आइतको बैठकबाट उहाँ सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको हो। बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं सांसद रवि लामिछानेले 'प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याललाई

-बाँकी तीन पेजमा

## प्रथम बुढीगङ्गा फुटबलः सिरहाको सलहेस क्लब विजयी

मोरङ, २२ चैत्र। मोरङको बुढीगङ्गा गाउँपालिकामा शनिबारदेखि सुरु भएको प्रथम बुढीगङ्गा गोल्डकप-२०८२ फुटबल प्रतियोगितामा सलहेस फुटबल क्लब सिरहा, मधेस प्रदेश विजयी भएको छ। पालिकाद्वारा सञ्चालित उक्त प्रतियोगिता वडा नं २ अमाही खेलमैदानमा भएको प्रतिस्पर्धात्ममा सलहेस क्लबले आरआइएफसी काठमाण्डौंलाई ४-३ गोलले पराजित गरेको हो। प्रतियोगितामा कोशी, मधेस, बागमती प्रदेश र भारतको पश्चिम बङ्गालका गरी आठवटा प्रदेशस्तरीय 'ए' श्रेणीको क्लबको सहभागिता रहेको पालिकाका अध्यक्ष जीतनारायण थापामगरले जानकारी दिनुभयो।

बुढीगङ्गा गाउँपालिका टिम, सलेहश युवा फुटबल क्लब सिरहा, राजारानी युवा क्लब, धनकुटा, धरान फुटबल क्लब, धरान, चात्या फुटबल क्लब झापा, आरआइएफसी काठमाडौँ, नाइजेरियन क्लब र कञ्चनजङ्घा क्लब सिलीगुढी पश्चिम बङ्गाल भारत रहेका प्रतियोगिताका संयोजक रेवतीनारायण चौधरीले जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम हुने विजेता टोलीलाई रु पाँच लाख, उपविजेतालाई रु दुई लाख ५० हजार नगदसहित विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीलाई नगदसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। प्रतियोगिता सम्पन्न गर्न रु ३९ लाख खर्च लाग्ने अनुमान छ।

युवालाई खेलप्रति आकर्षित गराइ लगनशील एवं अनुशासित बनाई पालिकालाई फुटबलको उर्वरभूमिका रूपमा विकास गर्न प्रतियोगिताको आयोजना गरिएको हो। यसअघि प्रतियोगिताको उद्घाटन गर्दै पालिका अध्यक्ष थापा मगरले खेलकुदको माध्यमबाट यस क्षेत्रका युवाहरूलाई रोजगार उपलब्ध गराउन विभिन्न विधामा युवायुवतीलाई प्रशिक्षण दिइरहेको जानकारी गराउनुभयो। पालिकाले

-बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पूर्वतयारी नै क्षति घटाउने उत्तम उपाय

आगलागी, बाढीपहिरो र हावाहुरीलगायतका कारण बर्सेनि नेपाली जनताले ठूलो जनधनको क्षति सहँदै आएका छन् । यस्ता प्रकोपहरूमध्ये अधिकांश प्राकृतिक र भवितव्यजस्ता देखिए पनि तिनमा मानवीय कारण कतै न कतै जोडिएकै हुन्छ । यसैले प्राकृतिक भनिएका प्रकोपहरूको रोकथाममा पनि मानवीय पक्षको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । चैत २२ गते प्युठानको ऐरावती गाउँपालिका–१ छेडाघामा आगलागी भएको छ । आगलागीबाट मानव बस्तीका १३ वटा घरगोठ जलेर नष्ट भएका छन् । आगलागीका कारण स्थानीयका घरमा पालिएका बाख्रा, कुखुरालगायत चौपाया पनि जलेका छन् भने झन्डै एक करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान प्रहरीले गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचनाअनुसार पछिल्लो २४ घन्टामा देशका विभिन्न जिल्लामा आगलागी, डढेलो, हावाहुरी र सर्पदंशका गरी २४ वटा विपद्का घटना भएका छन् । यी घटनाबाट सात जना घाइते भएका जनाइएको छ । यस्ता घटना दिनहुँजस्तै हुने गरेको तथ्य प्राधिकरणको दैनिक विपद् बुलेटिनमा उल्लेख हुन्छ । अर्थात्, यस्तो क्षति दिनहुँजस्तै भइरहेको छ । वनमा लाग्ने डढेलो, बाढीपहिरोले सडक तथा अन्य भौतिक संरचनामा पुऱ्याउने क्षतिसमेतको समग्र हिसाब गर्ने हो भने देशले ठूलो नोक्सानी सहनुपरेको स्पष्ट देखिन्छ । तर प्रकोपपछि उद्धार र सहायताको प्रयास भए पनि न्यूनीकरणतर्फका प्रयास प्रभावकारी भएको भने देखिँदैन ।

हुन त राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण प्राकृतिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जिम्मेवार केन्द्रीय स्रोत निकायका रूपमा कार्यरत छ । तर स्थानीय तहका साधन–स्रोत तथा जनशक्तिको अभावका कारण विपद् प्रतिकार्य प्रभावकारी तथा सन्तोषजनक हुन सकेको छैन । विशेषगरी प्रकोप न्यूनीकरणका निम्ति योजनाबद्ध र समन्वित प्रयास हुन सकेको छैन । प्रदेश सरकार र स्थानीय तहहरूले न्यूनीकरणका लागि गर्नुपर्ने तथा गर्नसक्ने काम पर्याप्त रूपमा अघि बढाउन सकेका छैनन् भन्ने देखिन्छ । आगलागी र बाढीपहिरोबाट मानव बस्ती जोगाउन आवश्यक कार्यमा पर्याप्त गम्भीरता देखाउन सकेको भए अहिले भइरहेका धेरै घटना रोक्न सकिन्थ्यो ।

कम्तीमा सामान्य आगलागी फैलिँदै बस्ती नै सखाप पार्ने अवस्था आउन नदिन तथा बाढीपहिरोको जोखिम भएका ठाउँका बस्तीलाई जोगाउन स्थानीय तहबाटै योजनाबद्ध विकास हुनुपर्थ्यो । बाक्लो बस्तीमा फुसको छानो भएका घरगोठको छानो मात्र पनि पक्की बनाउन सके सामान्य आगलागी बस्तीभर फैलिन पाउँदैन । यस्तै, खोलाको किनारमा रहेका बस्तीलाई उपयुक्त स्थानमा बेलैमा सार्न सके बाढीको जोखिमबाट पनि धेरै जनधन जोगाउन सकिन्छ । यसका लागि संघ र प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक आर्थिक, प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनुपर्छ ।

यस्ता सहायताका लागि ठूलो रकम खर्च हुन सक्छ । तर राज्यका लागि त्यस्तो खर्च पूर्वाधारमा गरिएको लगानीझैँ उत्पादनमूलक सिद्ध हुन सक्छ । कारण, विपत्तिपछि उद्धार र सहयोगमा लाग्ने खर्चको केही अंशले मात्रै पनि पूर्वतयारी तथा न्यूनीकरणका धेरै काम गर्न सकिन्छ । यसैले प्युठानलगायत प्राकृतिक प्रकोपबाट पीडित क्षेत्रका घरगोठ पुनर्निर्माणमा तीनै तहका सरकारले समन्वय र सहकार्य गरेर पुनः आगलागीको जोखिम नहुने गरी निर्माण गर्न सम्बन्धित पीडितलाई सहयोग गर्नुपर्छ । साथै आगलागीबाट सचेतना फैलाउने तथा नागरिकलाई जिम्मेवार बन्न प्रेरित गर्ने प्रयासलाई पनि तीव्रता दिनु बुद्धिमानी हुनेछ । थोरै प्रयत्नले राष्ट्रिय क्षति र मानवीय पीडा रोक्न सकिन्छ भने किन हिचकिचाउने वा झारा टार्ने ?

# पलाउन देऊ दुबो !

## अहिलेको हुन्डरीमा पनि जनताबाट चुनिएर प्रतिनिधि सभामा पुग्न सक्नेहरूलाई नेपाली कांग्रेसले सम्मान र संरक्षण गर्नुपर्छ



गोविन्द अधिकारी

नेपाली कांग्रेसलाई दुबोसँग सबैभन्दा पहिले सीके प्रसाईले दाँजेजस्तो लाग्छ । विसं २०३६ वा त्यसपछिका वर्षहरूमा नेपाली कांग्रेसको कुनै प्रशिक्षण शिविरमा सुनेको हो कि ? अहिले किटेर भन्न सक्तिन । सीकेले किन नेपाली कांग्रेसलाई दुबो भने होलान् ? दुबो जति नै माडिए पनि सुकेर पहेँलै भए पनि माटो भेट्नेबित्तिकै पलाउन थाल्छ रे ! दाईँमा सँगै माडिएको दुबो परालमा गुटमुटिएर टौवामा पुग्छ । परालमै अल्झिएर डिँगाको डुँड वा टाट्नामा पुग्छ । रहलपहल सोहोरसार गर्दा भकारोसँगै फालिन्छ । त्यही गोबरमा अल्झिएको दुबो मल हाल्दा बारीमा पुग्छ । अनि माटो भेट्नेबित्तिकै पलाउँछ रे ।

नेपाली कांग्रेसको बारम्बारको उकालो ओरालो हेरेर नै सीकेले यो नेपाली आधुनिकताको उन्नायक बनेको यस राजनीतिक दललाई दुबो भनेका होलान् । ती भलामानुसलाई के थाहा कुनै दिन दुबोकै रक्षा गर्नुपर्नेहरूले नै यसलाई पोलिदिन पनि खोज्लान् भन्ने ?

नेपाली कांग्रेसले 'जरा' अभियान थालेको छ । सतहत्तरै जिल्लामा केन्द्रीय प्रतिनिधिहरू खटिएका छन् । महाधिवेशनको मिति तोकिएको छ । अब क्रियाशील सदस्यता वितरण र नवीकरण अभियानकै रूपमा सुरु हुन सक्छ । देशभर उमेदवार उठाउन सकेजस्तै नेपाली कांग्रेस थोरै नै भए पनि सातै प्रदेशमा विजयी भएको छ । यसले कांग्रेसलाई राष्ट्रिय छवि भएको प्रमुख राजनीतिक दल बनाएको छ । यसैले यति बेला चुनाव हारेकोमा दुःख मानेर बस्नुको साटो नेपाली कांग्रेसका नेताहरू संगठन विस्तारमा सक्रिय भएका हुनुपर्छ ।

आगामी महाधिवेशन कांग्रेसको नेतृत्वका लागि अग्निपरीक्षा पनि हो । विशेषगरी क्रियाशील सदस्यता कब्जा गरेर महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुने र केन्द्रीय समितिमा पुगेपछि फेरि तलबाट चुनाव नलडीकन महाधिवेशन प्रतिनिधि भइरहनेहरूको नैतिकताको पनि परीक्षा हो यो । पार्टीको क्रियाशील सदस्यताका लागि पार्टीले निश्चित मापदण्ड बनाउन सक्छ । बनाउनु पनि पर्छ । तर, मापदण्ड पूरा गर्ने व्यक्तिलाई सदस्यता नदिनु भने पार्टीको मूल्य र आत्माप्रति धोका हुन्छ ।

कुनै दाइ वा दिदी, भाउजुको पछि नलागीकन पनि क्रियाशील सदस्यता दिएर नेपाली कांग्रेसलाई अरू पार्टीभन्दा अलग बनाउन सक्नुपर्छ । यस्तै, विभिन्न तहका पदाधिकारी र महाधिवेशन, महासमिति पदाधिकारीको निर्वाचनमा केन्द्रका नेताहरूले हस्तक्षेप गर्न छाड्नुपर्छ । कार्यकर्ताप्रति विश्वास भए त केन्द्रीय समितिका पदाधिकारीहरू पनि महाधिवेशन महासमितिमा चुनाव लड्नुपर्छ । चुनिएर आउँदाको सान पदेन हुँदा हुँदैन ।

जरा अभियानमा खटिएका केन्द्रीय प्रतिनिधिले नेपाली कांग्रेसबाहेक व्यक्ति विशेषप्रति निष्ठा देखाए भने कार्यकर्ताको मनोबल टुट्छ भने पार्टीको साख पनि गिर्छ । अहिले खटिएकाहरूमध्ये कतिपय त हिजोसम्म तत्कालीन सभापति शेरबहादुर देउवा वा उनको समूहको बढी निकट देखिन्थे । संस्थापनले तिनलाई अहिले खटाउँदा कांग्रेस समर्थकमात्र ठानेको देखियो । पूर्वाग्रह राखेको देखिएन । उनीहरूले पनि कांग्रेसबाहेक अरूप्रति निष्ठा नदेखाएर पक्कै पनि केन्द्रीय समितिको विश्वास जोगाउनुपर्छ ।

अहिलेको हुन्डरीमा पनि जनताबाट चुनिएर प्रतिनिधि सभामा पुग्न सक्नेहरूलाई नेपाली कांग्रेसले सम्मान र संरक्षण गर्नुपर्छ । कांग्रेसको एउटा कसी संसदीय दलको नेतामा को छानिन्छ भन्ने पनि हो । समानुपातिक सदस्यहरूलाई संसदीय दलको नेता बनाउनु नेपाली कांग्रेसजस्तो संसदीय लोकतन्त्रको मूल्य मान्यता तथा परम्परामा दीक्षित दललाई सुहाउँदैन ।

प्रमुख विपक्षी नेता 'प्रतीक्षारत प्रधानमन्त्री' पनि हो । कदाचित कुनै कारणले नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्नु परेका खण्डमा नेता बदल्नुपर्ने गरी अहिले चुन्नु हुँदैन । विसं २०५१ को मध्यावधि निर्वाचनपछि शेरबहादुर देउवालाई गिरिजाबाबुले संसदीय दलको नेता नबनाएको भए सम्भवतः २०५१–५६ मा देखिएका संसदीय विकृति देखापर्ने नै थिएनन् कि ? देउवा एक्लै विकृतिका कारक त होइनन् । नेकपा (एमाले)को सुरासुन्दरी काण्ड पनि त्यही कालखण्डको हो । तर, नेपाली कांग्रेसको संसदीय दलमा चुनाव हुन पाएको भए शैलजा आचार्य चुनिने सम्भावना थियो । त्यसो हुन पाएको भए नेपाली कांग्रेसमा देखिएका विकृतिमात्र होइन नेपालकै राजनीति यति फोहोर हुने थिएन कि ?

कांग्रेसमा मुस्ताङबाट निर्वाचित युवा सांसद छन् । इलामबाट आशालाग्दा युवा निर्वाचित भएका छन् । अझ दैलेखबाट युवा महिला चुनिएकी छिन् । उमेरका आधारमा योग्यता निर्धारण गर्नेहरूको चक्रव्यूह तोडेर पार्टीलाई अगाडि बढाउने नेताहरू भाइबहिनी पुस्तालाई संसदीय दलको नेता बनाएर अर्को कीर्तिमान राख्न तयार होलान् त ? र अन्यमा

**एउटा पुरानो कथा**

एकादेशमा कुनै समयमा एक जना राजाको कचहरीमा एउटा अनौठो मुद्दा आएछ । दुईवटी महिलाले एउटै शिशुको आमा हुँ भन्ने दाबी गरेकाले निसाफ गर्नुपर्ने भएछ राजालाई । जति केरकार गर्दा पनि खुट्याउन नसकेपछि राजाले चतुऱ्याइँ देखाउँदै भनेछन् – ल भैगो तिमीहरू मान्ने भए नौ । यो बच्चालाई दुई फ्याक बनाएर आधाआधा बाँडिदिन्छु । बच्चाकी आफ्नै आमाले आत्तिँदै भनिछन् – भैगो महाराज बच्चा उसैलाई दिनुस् तर नमार्नुस् ।

नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्का किसुन जीका विशेष अनुयायी र निकट मानिन्छन् । कांग्रेसभित्र किचलो नहोस् भनेर किसुन जीले पटकपटक पार्टीको मात्र होइन सरकारकै नेतृत्व पनि त्यागेका थिए । पूर्ण जी त्यसको देखी जान्ने साक्षी पनि हुन् । अझै राजनीतिमा सक्रिय हुने वा नेतृत्व लिने चाहना भए महाधिवेशनमा गएर चुनिएर आउने नभए भाइ पुस्तालाई नेतृत्व दिएर विश्राम लिने । अर्थात्, सक्कली आमा साबित हुने । गगनहरूले भन्दा पूर्ण जीहरूले पार्टीका नाममा बढी स र्ष गरेका छन् । यसैले पार्टीको माया पनि बढी नै हुनुपर्ने हो ।

बूढा साँढेहरूले दुबो मडार्न छाडे नै देश र नेपाली कांग्रेसको हित हुनेछ । र कम्युनिस्टभन्दा फरक पनि हुनेछ । बाह्रखरी

# सुशासन र पारदर्शितामा सांसदहरूको जोड

काठमाडौँ, २२ चैत्र । राष्ट्रियसभाको आजको बैठकमा नवगठित सरकारले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा विशेष जोड दिइएको छ । बैठकमा नेपाली कांग्रेसका खम्मबहादुर खातीले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितका विषयलाई केन्द्रमा राखेर सरकारले काम गर्नुपर्ने बताउनुभयो । सोही दलकी गीता देवकोटाले किसानमैत्री नीति कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो भने सांसद चन्द्रबहादुर केसीले देशको 'आर्थिक विकास' वर्तमान सरकारको मूलमन्त्र हुनुपर्छ भन्नुभयो । बैठकको शून्य समयमा पश्चिम एसियामा जारी द्वन्द्वका कारण दैनिक उपभोग्य वस्तुको मूल्य बढेको तथा यसबाट सीमान्तकृत वर्ग समस्यामा परेको विषयलाई सभाका सदस्यहरूले प्राथमिकताका साथ उठाउनुभयो ।

सांसद उदयबहादुर बोहोराले पश्चिम एसियाली देशमा अलपत्र परेका नेपालीलाई उद्धार गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसदहरू जयन्तीदेवी राई, मोहम्मद खालिद राजेन्द्रलक्ष्मी गैरे र सोनामगेल्जेन शेर्पाले पश्चिम एसियामा जारी द्वन्द्व तथा त्यसबाट नेपालसहित विश्वभर परेको प्रभाव एवं समसामयिक विषयमा सदन एवं सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद भुवनबहादुर सुनारले सुर्खेतकी इनिशा विक प्रकरणको निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सुरेशकुमार आलेमगरले विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाउन नहुने धारणा व्यक्त गर्नुभयो ।

शून्य समयमा सांसदहरू मदनकुमारी शाह र नारायणदत्त मिश्रले पनि समसामयिक विषयमा सदनको ध्यानाकर्षण गराउनुभएको थियो ।

### *वस्तीमा चितुवाको ...*

नगर्न, पशुचौपाया सुरक्षित स्थानमा राख्न र कुनै असामान्य गतिविधि देखिए तत्काल सूचना दिन आग्रह गरिएको छ ।" वन क्षेत्रमा आहारको अभाव तथा मानव बस्ती विस्तारजस्ता कारणले वन्यजन्तु बस्ती नजिक आउन बाध्य हुने गरेकाले जोखिमसमेत देखिएको उहाँको भनाइ छ । स्थानीयवासीले चितुवालाई सुरक्षित रूपमा नियन्त्रणमा लिएर उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

### *प्रथम बुढीगङ्गा ...*

आफ्नै खर्चमा ५० जना युवालाई विगत एक वर्षदेखि फुटबलको प्रशिक्षण दिई प्रतियोगिताका लागि ३२ जना छनोट गरेको छ । आइतबारको खेल चात्या फुटबल क्लब झापा र राजारानी फुटबल क्लब धनकुटाका बीच हुनेछ ।

# नयाँ शैक्षिक सत्रअगावै विद्यार्थी भर्ना नगर्न मन्त्रालयको चेतावनी

काठमाडौँ, २२ चैत्र । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ शैक्षिक सत्रअगावै विद्यार्थी भर्ना नगर्न चेतावनी दिएको छ । संस्थागत विद्यालयहरूले शिक्षा नियमावली २०५९ तथा सर्वोच्च अदालतको यही चैत २० को आदेश उल्लंघन गरेको भन्दै मन्त्रालयले आइतबार विज्ञप्तिमार्फत सचेत गराएको हो ।

'देशका विभिन्न जिल्लाका केही संस्थागत विद्यालयहरूले शिक्षा नियमावली, २०५९ ( संशोधनसहित)को नियम ८४ (४) र नियम ७८ (ग)अन्तर्गतको कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८२/१२/२० गतेको आदेश उल्लंघन गरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेको सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यान आकर्षित भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रिपरिषद्को आइतबारको बैठकले आगामी वर्षको लागि नयाँ शैक्षिक सत्र वैशाख १५ देखि सुरु गर्ने निर्णय गरेको छ । विद्यालय सञ्चालन गरिमामय र जिम्मेवार प्रणाली भएको स्मरण गराउँदै मन्त्रालयले यस्ता गैरकानुनी कार्यहरू अशोभनीय मात्र नभई दण्डनीय रहेकाले विद्यालयहरू स्वयं सजग हुनुपर्ने प्रस्ट पारेको छ । मन्त्रालयले नयाँ शैक्षिक सत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गराउन तथा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेकका शुल्क संकलन

–बाँकी तीन पेजमा

# बिदा पायौँ भनेर घुम्न नजानुस्, इन्धन खपतमा सजग रहौँ : निगम

काठमाडौं, २२ चैत्र। नेपाल आयल निगमले इन्धन खपतप्रति सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ। मन्त्रिपरिषद्को आज बसेको बैठकले भोलिदेखि लागू हुने गरी सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा शनिवार र आइतवार बिदा दिने निर्णयलाई उपभोक्ताले सहयोग गर्नुपर्ने निगमका प्रवक्ता मनोज ठाकुरले बताउनुभयो।

'बिदा पायौँ भनेर गाडी निकालेर घुम्न जानुभएन। जसरी भए पनि इन्धन खपत कम गर्ने हो। यसमा नागरिकको पनि योगदान चाहिन्छ', प्रवक्ता ठाकुरले भन्नुभयो, 'अहिले निगमलाई प्रतिलिटरमा १२० रुपैयाँ घाटा भइरहेको छ। इन्धन खपत कम गर्न बिदा दिने सरकारको निर्णय सकारात्मक छ। उपभोक्ताले पनि खपतमा सचेत हुँदै अति आवश्यकबाहेकका क्रियाकलापमा इन्धन खपत गर्नु भएन।'

पेट्रोलियम पदार्थको आपूर्ति सङ्कट दिनप्रतिदिन बढ्दै गएपछि आजको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थालाई हप्ताको दुई दिन बिदा दिने निर्णय गरेको हो। इन्धन खपत कम गर्न डिजेल तथा पेट्रोल प्रयोग गर्ने गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्न कानूनी सुधार गर्ने सरकारको निर्णयबारे सरकारका प्रवक्ता एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

निगमको तथ्याङ्क अनुसार देशभर हरेक दिन २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ। निगमका प्रवक्ता ठाकुर सरकारको यो निर्णयले इन्धन सङ्कट कम गर्न कति योगदान पुग्छ भन्ने यकिन गर्न आउँदो एक हप्ता कुर्नुपर्ने बताउनुहुन्छ। 'बजारको माग बुझन केही समय लाग्छ, तर यसको प्रभाव पक्कै देखिन्छ', उहाँले भन्नुभयो, 'धेरै विद्यालय निजी छन्। तिनले गाडीबाट ठूलो मात्रामा इन्धन खपत गरिरहेका छन्। साथै एसइई चलिरहेकाले गाडीको प्रयोग अझै उच्च छ। परीक्षा सकिएपछि खपतको यकिन तथ्याङ्क आउँछ।'

**तत्कालका लागि सरकारको निर्णय ठीक छ, पर्याप्त हैन : अर्थशास्त्री**

सरकारको यो निर्णय तत्कालका लागि आवश्यक भएको अर्थशास्त्रीहरूको राय छ। तर दीर्घकालीन समाधान छिट्टै खोज्नपर्ने उहाँहरूको सुझाव छ। अर्थशास्त्री इसान खरेल यो निर्णयलाई अपरिहार्य मान्नुहुन्छ। उहाँले तत्काल थप अन्य उपाय अपनाउन आवश्यकता औँल्याउनुभयो। 'अहिलेको अवस्थामा गर्नैपर्ने हो, अरू विकल्प छैन', उहाँले भन्नुभयो, 'सरकारले इन्धनमा लिने कर केही प्रतिशत घटाउनुपर्छ। यसले उपभोक्तालाई राहत दिन्छ। तात्विक भिन्नता नदेखिन पनि सक्छ। थोरबहुत सहयोगी होला। थोरै भए पनि बचत होला।'

अर्थशास्त्री खरेलले सार्वजनिक यातायातलाई प्रोत्साहन, विद्युतीय गाडीको विस्तार र भारतसँगको सीमा मूल्य मिल्ने गरी अतिरिक्त लागत कटौती गर्नुपर्ने सुझाव दिनुभयो। अर्का अर्थशास्त्री डा. सन्तोष अधिकारीले यो निर्णय तत्कालका लागि उचित भएको प्रतिक्रिया दिनुभयो। 'अहिलेको अभावको सन्दर्भमा यो ठीकै छ। यसले इन्धनमा केही सहज होला', उहाँले भन्नुभयो, 'नेपालमा सरकारी बिदा पहिले नै धेरै छ। थप बिदाले अध्यापन र उत्पादकत्वमा नकारात्मक असर पार्नसक्छ।'

# अन्डाको मूल्य बढ्यो, कति पुग्यो क्रेटको ?

यो नयाँ मूल्य निर्धारणसँगै अब बजारमा खुद्रा मूल्य पनि बढ्ने निश्चित छ, जसको प्रत्यक्ष असर उपभोक्तामा पर्ने देखिन्छ।

काठमाडौं, २२ चैत्र। बजारमा अन्डाको मूल्य पुनः बढेको छ। नेपाल लेयर्स कुखुरापालक संघले आइतबारदेखि लागु हुने गरी अन्डाको नयाँ समर्थन बिक्री मूल्य तोकेको हो। नयाँ मूल्यसूची अनुसार सबै आकारका अन्डामा प्रतिक्रेट१५ रुपैयाँ वृद्धि भएको छ। संघका अनुसार अब सबैभन्दा ठूलो एक्सएल अन्डाको फार्म मूल्य प्रतिक्रेट ४ सय ७५ रुपैयाँ कायम भएको छ, जुन पहिले ४ सय ६० थियो।

त्यसैगरी ४ सय ३५ रुपैयाँमा बिक्री हुँदै आएको ठूलो अन्डाको मूल्य ४ सय ५० पुगेको छ भने ३ सय ८५ रुपैयाँ रहेको मिडियम अन्डाको मूल्य ४ सय तोकिएको छ। संघ सचिव मदन पोखरेलका अनुसार किसानसँगको निरन्तर छलफल र कार्यसमितिको निर्णय बमोजिम बजार स्थिर राख्न र किसानको बढ्दो उत्पादन लागत सुरक्षित गर्न मूल्य समायोजन गर्नुपरेको हो। चितवनलाई आधार मानेर निर्धारण गरिएको यो मूल्य फार्मबाट खरिद गर्दाको हो। संघले जारी गरेको सूचनामा चितवनबाट देशका अन्य सहरका डिपोमा अन्डा पुऱ्याउँदा भाडा, कार्टुन र क्रेट खर्चबापत थप १ सय ४५ रुपैयाँ लाग्ने स्पष्ट पारेको छ।

यो नयाँ मूल्य निर्धारणसँगै अब बजारमा खुद्रा मूल्य पनि बढ्ने निश्चित छ, जसको प्रत्यक्ष असर उपभोक्तामा पर्ने देखिन्छ।

# बिचौलियाको आरोपमा मालपोत र यातायात कार्यालयबाट नौ पक्राउ

**जनार्जन खत्री**

सर्लाही, २२ चैत्र। चैत २२ गते। सर्लाही सदरमुकाम मलङ्गवास्थित भूमि सुधार तथा मालपोत कार्यालय र यातायात व्यवस्था कार्यालयबाट प्रहरीले आइतबार नौ जनालाई पक्राउ गरेको छ। मालपोत कार्यालयबाट सात जना र यातायात कार्यालयबाट दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्ष बिशालबहादुर बुढाथोकीले जानकारी दिनुभयो। मालपोतबाट पक्राउ पर्नेहरु लेखापढी व्यवसायी हुन्। सरकार गरेको निर्णय विपरीत कार्यालयभित्र प्रवेश गरेको भन्दै प्रहरीले मालपोत र यातायात कार्यालय अगाडि बसेर लेखापढी तथा अन्य सहजीकरणको काम गर्नेहरुलाई पक्राउ गरेको हो।

पक्राउ परेका नौ जनालाई जिल्ला प्रहरी कार्यालय मलङ्गवामा लगेर राखिएको छ। सरकारको निर्णय अनुसार प्रहरीले सर्लाहीको मलङ्गवा, हरिवन र बरहथवामा रहेका नापी, मालपोतलगायतका कार्यालयमा सेवाग्राहीबाहेक अन्य व्यक्तिलाई प्रवेशमा कडाई गर्न थालेको छ। जिल्ला प्रशासन, जिल्ला प्रहरी र मातहतका प्रहरी कार्यालयहरुमा बिचौलिया प्रवेश निषेध लेखिएको ब्यानर राखिएको छ।

# सर्वपक्षीय सहमतिपछि गौशाला बजार खुल्यो, अतिक्रमणमुक्त अभियान पुनः सुरु



**अजय शाह**

महोत्तरी, २२ चैत्र। महोत्तरी जिल्लाकै प्रमुख व्यापारिक केन्द्र गौशाला नगरपालिकास्थित गौशालाबजारमा सार्वजनिक जग्गा अतिक्रमणमुक्त गर्ने अभियान अब वडा अध्यक्षको नेतृत्वमा पुनः सञ्चालन हुने भएको छ। आइतबार गौशाला नगरपालिकाको कार्यालयमा बसेको सर्वपक्षीय बैठकले यस्तो निर्णय गर्दै शनिवारदेखि बन्द रहेको बजारसमेत खुल्ला भएको छ।

विगतमा देखिएका कमजोरीहरूलाई सुधार्दै नयाँ ढङ्गबाट अभियान अघि बढाउने विषयमा सर्वसम्मत सहमति भएको गौशाला नगरपालिकाका प्रमुख डा दिपेन्द्र महतोले जानकारी दिनुभयो। प्रमुख महतोको अनुसार सोमबारदेखि बजार अतिक्रमणमुक्त अभियान निर्वाध रूपमा सञ्चालन हुनेछ र यसको नेतृत्व वडा ५ का अध्यक्ष ओमप्रकाश गुप्ताले सम्हाल्नु हुनेछ। गौशाला बजार सोही वडामा पर्ने भएकाले जिम्मेवारी गुप्तालाई दिइएको हो।

बैठकले यसअघि घोषणा गरिएको बजार बन्दको निर्णय पनि फिर्ता लिएको छ। अभियानलाई सफल बनाउन नगरपालिका, सरोकारवाला निकाय तथा स्थानीय समुदायले समन्वयात्मक भूमिका निर्वाह गर्ने निर्णय गरिएको छ। बजारलाई व्यवस्थित र आकर्षक नबनाएसम्म अभियान निरन्तर जारी रहने नगरपालिकाले जनाएको छ।

अभियानका क्रममा केही संरचनाहरूमा क्षति पुगेको विषयलाई स्वीकार गर्दै मेयर महतोले प्राविधिक कारणले क्षति भएको बताउनुभयो। उहाँले प्रमाणसहित नगरपालिकामा निवेदन दिएमा पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराइने आश्वासन समेत दिनुभयो। प्रमुख महतोले गौशाला बजारको समग्र विकासका लागि सबै पक्षलाई सकारात्मक सहयोग गर्न आग्रह गर्नुभएको छ। वडा ५ का अध्यक्ष तथा गौशाला बजार व्यवस्थापन समितिका अध्यक्ष ओमप्रकाश गुप्ताले सहमति र समझदारीका आधारमा अभियान सञ्चालन गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "अब कसैलाई जबर्जस्ती वा क्षति पुग्ने काम हुँदैन। सबैको सहमतिमा, सम्झाएर र बुझाएर, बिना धाकधम्की अभियान अघि बढाइनेछ।" उहाँका अनुसार छलफलपछि बजार पूर्ण रूपमा खुला भइसकेको छ।

यसैबीच गौशाला बजार क्षेत्रभित्र पर्ने चर्चित ११५ नम्बर कितामा रहेका अव्यवस्थित कठघराहरू हटाउने काम पनि सुरु गरिएको छ। व्यापारीहरूको अवरोधपछि नगरपालिकाले यसतर्फ विशेष ध्यान दिएको हो। नगर प्रहरीका इन्चार्ज टेकबहादुर लामाले खाली रहेका कठघराहरू हटाइसकिएको जानकारी दिनुभयो। बाँकी रहेका संरचनाबाट सामान हटाउन दुई दिनको समय दिइएको छ त्यसपछि ती संरचनाहरू पनि हटाइने उहाँले बताउनुभयो। नगर प्रहरीले अभियान सफल बनाउन सबैसँग सहयोगको अपिल गरेको छ। शनिबारदेखि बजारलाई व्यवस्थित र सुन्दर बनाउने उद्देश्यले अभियान सुरु गरिएको थियो। नगरपालिका र युवा समूहको सक्रियतामा अभियानले गति लिएको भए पनि केही स्थानमा विवाद उत्पन्न भएपछि शनिबार दिउँसोदेखि स्थगित गरिएको थियो।

व्यापारी र अभियानी युवाबीच सहमति हुन नसक्दा बजार बन्दसमेत गरिएको थियो। पछि नगरपालिकाको समन्वयमा आइतबार सर्वपक्षीय बैठक बसेर सहमतिमा पुग्दै अभियान पुनः सञ्चालन गर्ने निर्णय गरिएको हो।

# ७ हजारभन्दा धेरै अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाडौं, २२ चैत्र। अनलाइन सट्टेबाजीसँग सम्बन्धित ७ हजारभन्दा धेरै एप्लिकेशन र वेबसाइट बन्द भएका छन्। सरकारको शासकीय सुधारसम्बन्धी १०० वटा निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यो कदम चालेको हो। प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेकाअनुसार अवैधरूपमा सञ्चालित सट्टेबाजी एप तथा वेबसाइट पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो।

पछिल्लो१ हप्तामा प्राधिकरणलाई विभिन्न माध्यमबाट ५० वटाभन्दा धेरै गुनासा प्राप्त भएका थिए। मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत १०० शासकीय सुधार कार्यसूचीको बुँदा नम्बर ४२ अनुसार सट्टेबाजी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने निर्णय भएको थियो।सरकारले यस्ता एप तथा वेबसाइट प्रयोग वा सञ्चालन नगर्न आग्रह गर्दै अनधिकृतरूपमा प्रयोग गरेमा कडा कारबाही हुने चेतावनी दिएको छ। साथै शङ्कास्पद एप वा वेबसाइटबारे सम्बन्धित निकायमा सूचित गर्न सरकारको अनुरोध छ।

*नयाँ शैक्षिक ...*

नगर्ने व्यवस्था मिलाउन स्थानीय तहहरूलाई समेत आग्रह गरेको छ।

'तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य प्रचलित कानुनबमोजिम कारबाही हुन सक्नेतर्फ समेत सचेत गराइन्छ,' विज्ञप्तिमा उल्लेख छ।

*सभामुखमा...*

सभामुख पदमा निर्वाचित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई सांसदहरू सोविता गौतम, स्वर्णिम वाग्ले र सुनिल लम्सालले समर्थन गर्नुभएको थियो।

सभाको अध्यक्षता गर्नुभएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसद अर्यालालाई प्रतिनिधिसभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकाले अर्याल सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो। नवनिर्वाचित सभामुख अर्याल यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष हुनुहुन्थ्यो।

# 'जनतालाई शिरमा राखेर काम गर्छु'

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २२ चैत्र। सप्तरी निर्वाचन क्षेत्र नं. ४ बाट सीताराम साह प्रतिनिधि सभाको निर्वाचनमा पहिलो पटकमै विजयी बन्नुभयो। शक्ति, सामर्थ्य र विरासत बनाएका प्रतिस्पर्धीलाई साहले निर्वाचनमा ३६ हजार ४१२ मत प्राप्त गरेर हराउनुभयो। मधेशको समथर भूभागदेखि चुरेका विकट बस्तीसम्म फैलिएको यो क्षेत्रमा उहाँ जनताको भरोसा बन्नुभएको छ। साहले तीन पटकसम्म लगातार जित्दै आएका नेपाली कांग्रेसका तेजुलाल चौधरीलाई १३ हजार १०३ मतमा सीमित गर्नुभयो।



नेपाल सरकारको वन तथा भूसंरक्षण कार्यालयमा ३५ वर्ष लामो समय राष्ट्रसेवक कर्मचारीका रूपमा सेवा गर्नुभएका साहले भूसंरक्षण अधिकृत पदबाट राजीनामा दिँदै खुला राजनीतिमा प्रवेश गर्नुभएको थियो। उहाँका अनुसार जनताले भोग्दै आएको दुःख, असमानता र राजनीतिक नेतृत्वप्रतिको निराशाले यो निर्णय लिन बाध्य बनायो। पहिले नेपाली कांग्रेसबाट प्रदेश सभा सदस्य र खडक नगरपालिका प्रमुखका प्रत्यासी भइसकेका उहाँले प्रतिनिधि सभा निर्वाचनअघि पार्टीको क्षेत्रीय सभापति पद त्यागेर राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्नुभयो।

सप्तरीकै बोदेबरसाइनस्थित चन्द्रा नमुना माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा हासिल गर्नुभएका साहले हेटौँडास्थित वन विज्ञान अध्ययन संस्थानबाट आइएससी फरेस्ट्री अध्ययन गर्नुभयो र भारतको विहारबाट स्नातक तह उत्तीर्ण गर्नुभयो। पूर्वको इलामदेखि पश्चिम नेपालका विभिन्न जिल्लासम्म राष्ट्रसेवक कर्मचारीका रूपमा काम गर्दै उहाँले देशको भौगोलिक विविधता र जनजीवनको यथार्थलाई नजिकबाट बुझ्ने अवसर पाउनुभयो। पारिवारिक जीवनमा मायाकुमारी साहसँग वैवाहिक सम्बन्धमा बाँधिनुभएका उहाँ अनुभव, अनुशासन र जनभावनासँग जोडिनुभएको छ।

निर्वाचनपछि उहाँले व्यक्त गर्नुभएको एउटा वाक्य 'जनतालाई शिरमा राखेर काम गर्छु' अहिले उहाँको राजनीतिक दर्शनको सार बनेको छ। उहाँका अनुसार सप्तरी–४ क्षेत्र राणा शासनकालदेखि नै सामन्त र नवसामन्तको प्रभावमा रहँदै आएको छ, जसका कारण विकास सधैँ पछि परेको छ र जनताले चौतर्फी समस्या भोग्नु परेको छ। ती समस्यालाई क्रमबद्ध रूपमा समाधान गर्दै क्षेत्रलाई विकासको मार्गमा अगाडि बढाउने उहाँको अठोट छ।

भौतिक पूर्वाधारको विकाससँगै दलित तथा पछाडि पारिएका समुदायको उत्थान, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, सिँचाइ, स्वास्थ्य, शिक्षा र चुरे संरक्षणलाई प्राथमिकतामा राख्दै सुशासन, पारदर्शिता र जवाफदेहितालाई केन्द्रमा राखेर काम गर्ने उहाँको योजना रहेको छ। विशेष गरी सुनकोशी–त्रियुगा–खाँडो बहुउद्देश्यीय आयोजना अघि बढाउने उहाँको प्रमुख लक्ष्य रहेको छ, जसले सप्तरी र सिराहाका खानेपानी, सिँचाइ र विद्युत् समस्याको दीर्घकालीन समाधान दिन सक्ने विश्वास गरिएको छ।

मधेशलाई मरुभूमि बन्नबाट जोगाउन चुरे संरक्षण अपरिहार्य रहेको बताउँदै उहाँले प्राकृतिक सन्तुलन कायम राख्न दीर्घकालीन रणनीति आवश्यक रहेको उल्लेख गर्नुभयो। चुरेलाई संरक्षण नगरी विकास सम्भव नहुने उहाँको धारणा छ। पछिल्ला वर्षमा ठुला कर्पोरेट घरानाले कृषिमा लगानी बढाउँदै लगेका कारण साना किसान जोखिममा परेको भन्दै उहाँले सामूहिक खेती, उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणमार्फत किसानलाई नै उद्यमी बनाउने योजना अघि सार्नुभएको छ।

निर्वाचन अभियानका क्रममा घरदैलोमा पुग्दा जनताका समस्या नजिकबाट बुझ्न पाएको अनुभव सुनाउँदै साह भन्नुहुन्छ, "अब ती समस्या समाधान गर्नु मेरो जिम्मेवारी हो।" उहाँका अनुसार अब समय कुरा गर्ने होइन, काम गरेर देखाउने हो र सुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्नुको विकल्प छैन। संसद्मा आफ्ना क्षेत्रका मुद्दा निरन्तर उठाउने र मतदातालाई आफ्नो उपस्थिति महसुस गराउने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभएको छ।

# नवनियुक्त महान्यायाधिवक्ता कँडेलले लिए शपथ



काठमाडौं, २२ चैत्र। नवनियुक्त महान्यायाधिवक्ता डा नारायणदत्त कँडेलले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। सर्वोच्च अदालतमा आयोजित कार्यक्रममा महान्यायाधिवक्ता कँडेलले कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लसमक्ष शपथग्रहण गरेका हुन्। त्यस अवसरमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, न्यायाधीशहरू र न्याय सेवाका उच्च अधिकारीको उपस्थिति रहेको थियो। राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री बालेन्द्र शाहको सिफारिसमा अधिवक्ता डा कँडेललाई आजै उक्त पदमा नियुक्त गरेका थिए।

# शंकर ग्रुपका अध्यक्ष अग्रवाल हाजिरी जमानीमा रिहा

काठमाण्डौ, २२ चैत्र। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले शंकर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाललाई हाजिरी जमानीमा रिहा गरेको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पक्राउ परेका अग्रवाललाई बोलाएका बखत उपस्थित हुने गरी छाडेको विभागले जनाएको छ। त्यही कसुरमा उहाँका छोरा शंकर ग्रुपकै सञ्चालक सुलभ अग्रवाल भने विभागको हिरासतमा हुनुहुन्छ। सुलभ अग्रवालविरुद्ध जिल्ला अदालत काठमाण्डौले पाँच दिन म्याद थप गरेको छ।

शङ्कर ग्रुप नेपालको एक अग्रणी व्यावसायिक घरानाका रूपमा चिनिन्छ। यसको मुख्य कम्पनी जगदम्बा स्टिल हो। यो समूहले नेपालमा स्टिलसँगै, सिमेन्ट, जलविद्युत, उपभोक्ता वस्तुलगायत क्षेत्रमा लगानी गरेको छ।

# स्नातकोत्तर सम्मेलन सुरु

धनुषा, २२ चैत्र। अनुसन्धान र नवप्रवर्तनसम्बन्धी विषयमा केन्द्रित १२औं स्नातकोत्तर सम्मेलन आइतबार देखि जनकपुरधाममा सुरु भएको छ। राजर्षि जनक विश्वविद्यालय, अनुसन्धान केन्द्र जनकपुरधामको आयोजनामा भएको सो सम्मेलनको उद्घाटन गर्दै मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा.अन्कुर साहले मुलुकको समग्र विकासका लागि अनुसन्धानलाई प्राथमिकता राख्नुपर्ने बताउनुभयो।

"स्वास्थ्य, प्रविधि तथा शिक्षाका क्षेत्रमा नवीन सोच र प्रयोग आवश्यक छ", उहाँले भन्नुभयो, "अनुसन्धानलाई व्यवहारमा रूपान्तरण गर्न विश्वविद्यालय र सरोकारवाला निकायबीच उच्चस्तर समन्वय र सहकार्य हुनुपर्दछ।" उपकुलपति डा.साहले नेपालमा अनुसन्धान र नवप्रवर्तनका उदीयमान क्षेत्रहरूबारे प्रकाश पार्नुभयो। राजर्षि जनक विश्वविद्यालयका उपकुलपति डा अमरप्रसाद यादवले उच्च शिक्षामा अनुसन्धानमुखी वातावरण सिर्जना गर्न विश्वविद्यालयले विभिन्न पहलहरू गरिरहेको जानकारी दिँदै विद्यार्थीलाई अनुसन्धानमा आकर्षित गर्न नीतिगत सुधार र पूर्वाधार विकासमा जोड दिइएको उल्लेख गर्नुभयो।

राजर्षि जनक विश्वविद्यालयका रजिस्ट्रार सत्यनारायण साहले अनुसन्धानको गुणस्तर अभिवृद्धि गर्न आवश्यक स्रोत–साधनको व्यवस्थापन र दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालय प्रतिबद्ध रहेको उल्लेख गर्दै अनुसन्धानले समाजका वास्तविक समस्याको समाधान दिनुपर्नेमा जोड दिनुभयो। मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार डा विनोद यादवले स्वास्थ्य क्षेत्रमा अनुसन्धानको महत्वबारे चर्चा गर्दै अनुसन्धानबाट प्राप्त नतिजालाई नीतिनिर्माणमा समावेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

शिक्षा, स्वास्थ्य तथा अनुसन्धान क्षेत्रका विज्ञहरूको उल्लेखनीय सहभागिता रहेको सो सम्मेलनमा अनुसन्धानको प्रवर्द्धन, नवप्रवर्तनको विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका विषय गहन छलफल हुने बताएको छ। कार्यक्रममा विभिन्न विषयमा स्नातकोत्तर तहका विद्यार्थीले स्वास्थ्य, विज्ञान, प्रविधि, समाजशास्त्रलगायत क्षेत्रमा आफ्ना अनुसन्धानमूलक कार्यपत्रहरू प्रस्तुत गरिने छ। सम्मेलनले अनुसन्धान र नवप्रवर्तनलाई थप सशक्त बनाउँदै शैक्षिक तथा वैज्ञानिक विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

# क्षतिपूर्ति रकम नपाएको मृतक परिवारको गुनासो

**जनार्जन खत्री**

सर्लाही, २२ चैत्र। सर्लाहीको चन्द्रनगर गाउँपालिका–२, बिर्ताटोलमा दुई महिनाअघि मोटरसाइकलको ठक्करबाट मृत्यु भएको एक महिलाका परिवारका सदस्यले अहिलेसम्म क्षतिपूर्ति रकम नपाएको गुनासो गरेका छन्। गत माघ १६ गते बिहान बिर्ताबाट बर्कुरवातर्फ गइरहेको बिआर ३० एपी ३०३७ नम्बरको भारतीय मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री स्थानीय ६५ वर्षीया शान्तिदेवी ठाकुर गम्भीर घाइते हुनुभएको थियो।




ठाकुरलाई बयलवासमा सामान्य उपचारपश्चात थप उपचारका लागि वीरगञ्जस्थित न्यूरो अस्पताल लगिएकोमा उपचारकै क्रममा सोही दिन बेलुकापख मृत्यु भएको थियो। दुर्घटना भएको दुई महिना बढी भइसक्दा पनि कानून बमोजिम पाउनुपर्ने क्षतिपूर्ति रकम पाउन नसकेको मृतक शान्तिदेवीका कान्छो छोरा सञ्जित शर्माले गुनासो गर्नुभयो। मृतकको परिवारले शनिबार पत्रकार सम्मेलन गरी क्षतिपूर्ति रकम नपाएको गुनासो व्यक्त गर्नुभयो।

दुर्घटनापछि पत्राउ परेका मोटरसाइकल चालक चन्द्रनगर गाउँपालिका–३, बर्कुरवाका २० वर्षीय विशाल महतो सर्लाही जिल्ला अदालतको आदेशअनुसार एक लाख रुपियाँ धरौटी बुझाएर हिरासतमुक्त भइसकेका छन्। मृतकको परिवारले मोटरसाइकल चालकको सवारी चालक अनुमतिपत्र नहुँदासमेत प्रहरीले सामान्य ढङ्गले मुद्दाअघि बढाएर उनलाई चाँडै हिरासतमुक्त गराउन सहयोग गरेको आरोप लगाएका छन्।

प्रहरीले घटनास्थलमा उठाएको मुचुल्का र पछि अदालतमा मुद्दा पेस गर्दा विवरण नै बढेको दाबी गर्दै यस्तो कार्यमा संलग्न प्रहरीलाई कारवाही हुनुपर्ने मृतक शान्तिदेवीका छोरा सञ्जितले पत्रकार सम्मेलनमार्फत माग गर्नुभयो। "हाम्रै आमाले ज्यान गुमाउनुभयो, उल्टै हामीलाई नै प्रहरी कार्यालयमा जाँदा चिन्दैनौं भनिरहेका छन्" सन्जितले भन्नुभयो, "यो घटनामा अदालतसम्म फाइल लैजाँदा प्रहरीले पनि गडबड गरेकाले कारवाही हुनुपर्छ भन्ने हाम्रो माग हो।"

प्रहरीले भने मृतकको परिवारले पाउने क्षतिपूर्ति रकम बापतको पाँच लाख रुपियाँ र किरिया खर्चबापत प्राप्त गर्ने ५० हजार रुपियाँ जिल्ला प्रशासन कार्यालयमा गएर लिन सक्ने बताएको छ। इलाका प्रहरी कार्यालय केशरगञ्जका प्रहरी निरीक्षक (इन्स्पेक्टर) नितेशकुमार सिंहले ३५ दिन हिरासतमा बसेपछि अदालतको आदेश अनुसार अदालतमा एक लाख धरौटी बुझाएर छुटेका चालकले जिल्ला प्रशासन कार्यालयमा पाँच लाख ५० हजार रुपियाँ धरौटी राखेकाले सो रकम मृतकको परिवारले नै प्राप्त गर्ने बताउनुभयो।

उहाँले मृतकको परिवारलाई क्षतिपूर्ति रकम लिन कसैको प्रभावमा परेर यताउता जानुभन्दा आवश्यक कागजात लिएर सोझै जिल्ला प्रशासन कार्यालयमा जान आग्रह गर्नुभएको छ। इन्स्पेक्टर सिंहले भन्नुभयो, "उहाँहरु यताउता दौडने र कसैको प्रभावमा पर्नेभन्दा सिडिओ कार्यालय जानुभयो भने क्षतिपूर्ति रकम पाउनुहुन्छ।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)